# सिनियर डकर्मी सहायकका लागि पाठ्यक्रम निर्देशिका

**Program Guide for Senior Mason Helper**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठ्यक्रम*

*वि.सं. २०६१*


अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठचक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठचक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठचक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठचक्रम तयार गर्ने: *पाठचक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*
**अनुवादक:** ***प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सिनियर डकर्मी सहायकका लागि पाठचक्रम निर्देशिका

## परिचय :

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै क्रमशः बालश्रम हटाउन विभिन्न उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

## कार्यक्रमको आवश्यकता :

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यतः प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको

पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

## समष्टिगत उद्देश्य ः

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

## अन्तिम उद्देश्यहरु

यस पाठचक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- जग निर्माणसँग सम्बन्धित काम गर्न सक्नेछन् ।
- सिमेन्ट, बालुवाको मसला बनाउन सक्नेछन् ।
- नाप्ने काम र इकाइ परिवर्तन गर्ने काम गर्न सक्नेछन् ।
- गाह्रो लगाउने काम (ईंटा, ढुंगा र ब्लकको) र पानी पटाउने काम गर्न सक्नेछन् ।
- छड (डण्डी) बङ्ग्याउने र बाँध्ने काम गर्न सक्नेछन् ।
- मचानहरु (खट) बनाउन सक्नेछन् ।

## पाठचक्रम विवरणः

यो पाठ्क्रम कार्यकालीन तालीम प्रशिक्षार्थीहरुलाई ढुंगा सम्बन्धी काममा आधारभूत ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट कार्यकालीन तालीम प्रशिक्षार्थीहरुले असंगठित तरिकाबाट डकर्मीहरुको रेखदेखमा निर्माण-स्थलहरुमा गएर ढुंगा सम्बन्धी काममा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो पाठ्यक्रम खास गरिकन नापहरु लिन, जग बनाउन, मसला तयार गर्न, गाह्रो लगाउन र पानी पटाउन एवं खटहरु ठड्याउने सम्बन्धी सीप प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । साथसाथै यस पाठ्यक्रमले छड (डण्डी) बङ्ग्याउने र बाँध्ने काममा पनि सीप प्रदान गर्दछ ।

## लक्षित समूह :

यस पाठचक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

क) घरेलु बालश्रमिकहरू

ख) बालभरियाहरू

ग) बाल बँधुवा मजदूरहरू

घ) अवैध बेचविखनमा परको बालबालिकाहरू

ङ) सडक बालबालिकाहरू (खाते)

च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू

छ) खानीमा कामगर्ने बालबालिकाहरू

## प्रशिक्षार्थी संख्या :

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

## तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :

क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।

ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।

ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।

घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।

ङ) साक्षर हुनुपर्दछ ।

**समयावधि :**

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको ।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ ।

## उपकरण, औजार तथा सामाग्रीहरू :

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन् । कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ ।

| क्रम संख्या | औजार/उपकरणहरुको नाम | एकाइ |
|---|---|---|
| १. | नाप्ने फित्ता | |
| २. | कर्नी | |
| ३. | प्लम्ब बब | |
| ४. | चक्कु/ईंटा काट्ने कटर | |
| ५. | धागो | |
| ६. | रामो | |
| ७. | हतौडा/घन | |
| ८. | साधारण बटाम | |
| ९. | लेभल पाइप | |
| १०. | डाइ | |
| ११. | आरी र पत्ती | |
| १२. | करौंती | |
| १३. | सावेल | |
| १४. | तगारी/कराई | |
| १५. | बाल्टिन | |
| १६. | तार ब्रश | |
| १७. | घनाकार बक्शा | |
| १८. | पञ्जा | |
| १९. | टोकरी | |
| २०. | डोको | |
| २१. | हेलमेट | |
| २२. | बुट | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
    - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
    - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
    - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
    - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
    - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
    - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
    - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
    - विविध शैक्षणिक विधिहरु :
        - शिक्षक सक्रिय विधिहरु,
        - विद्यार्थी सक्रिय विधिहरु,
        - अन्तरक्रिया विधिहरु,
        - नाटकीय विधिहरु र
        - सामग्री केन्द्रित विधिहरु ।
    - निम्न आधारमा छनौट गर्ने :
        - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
        - विषयबस्तुको स्वरुपको आधारमा ,
        - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
        - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
        - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
    - विविध मूल्याङ्कनका साधनहरु निर्माण गर्ने
    - मूल्याङ्कनका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्कन गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्कन गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्याङ्कनको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
    - सामान्य गतिमा प्रदर्शन गर्ने ।
    - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- द्रुत गतिमा प्रदर्शन गर्ने ।

- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने⁄ लगाउने ।
  - सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।

- सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

## मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| क. | जग सम्बन्धी काम गर्ने | | | |
| | क.१. जग खन्ने ठाउँको सफाइ गर्ने | १/२ | १ | १ १/२ |
| | क.२. जगको ले-आउट बनाउन सहायता गर्ने | १ | २ | ३ |
| | क.३. जग खन्ने | १ | २ | ३ |
| | क.४. धुरमुस चलाउने | १/२ | १/२ | १ |
| | क.५. जगको तल्लो भाग समतल बनाउन सहायता गर्ने | १/२ | १ | १ १/२ |
| | क.६. बालुवा भर्ने | १/२ | १ | १ १/२ |
| | क.७. सोलिङ गर्ने | १/२ | १ | १ १/२ |
| | क.८. पीसीसी को सतह मिलाउने | १/२ | २ | १ १/२ |
| | क.९. गाह्रो (कोठाको, सिंढीको र शौचालयको) ले-आउट गर्न सहायता गर्ने | १/२ | २ | २ १/२ |
| | क.१०. औजारहरु सफा गर्ने | १/२ | १/२ | १ |
| ख. | मसला (सिमेन्ट, बालुवाको) सम्बन्धी काम गर्ने | | | |
| | ख.१. बालुवा सफा गर्ने/ धुने | १/२ | १/२ | १ |
| | ख.२. बालुवा चाल्ने | १/२ | १ | १ १/२ |
| | ख.३. पी.सी.सी. मिश्रण तयार गर्ने | १ | १ | २ |
| | ख.४.आर.सी.सी. मिश्रण तयार गर्ने | १ | १ | २ |
| | ख.५. ईंटा/ढुंगाको जोडाइका लागि मसला बनाउने | १/२ | १ | १ १/२ |
| | ख.६. मसिनो काम (Punning) का लागि मसला लगाउने | १/२ | १ | १ १/२ |
| ग. | नाप जाँच सम्बन्धी काम गर्ने | | | |
| | ग.१. वाल एन्गाल लेभलको नाप लिने | १/२ | १ | १ १/२ |
| | ग.२. सील (Sill) लेभलको नाप लिने | १/२ | १/२ | १ |
| | ग.३. झ्याल/ढोकाको नाप लिने | १/२ | १/२ | १ |
| | ग.४. लिन्टल लेभलको नाप लिने | १/२ | १/२ | १ |
| | ग.५. टप लेभलको नाप लिने | १/२ | १/२ | १ |
| | ग.६. क्षेत्रफलको हिसाब गर्ने | १/२ | १ | १ १/२ |
| | ग.७. आयतनको हिसाब गर्ने | १/२ | १ | १ १/२ |
| घ. | ईंटा/ढुंगा/ब्लकको जोडाइको काम गर्ने | | | |
| | घ.१. ईंटा भिजाउने | १/२ | १ | १ १/२ |
| | घ.२. दुइवटा ईंटाको जोडाइ गर्ने | १ | २ | ३ |
| | घ.३. डेढ वटा ईंटाको जोडाइ गर्ने | १/२ | २ | २ १/२ |
| | घ.४. एउटा ईंटाको जोडाइ गर्ने | १/२ | २ | २ १/२ |
| | घ.५. आधा ईंटाको जोडाइ गर्ने | १/२ | २ | २ १/२ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | घ.६. ढोका फिट गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | घ.७. झ्याल फिट गर्न सहाहयता गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | घ.८. गाह्रो लगाएको ठाउँको सरसफाइ गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | घ.९. तार ब्रशले ईंटाको सफाइ गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | घ.१०. जगमा साधारण ढुंगाको जोडाइ गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | घ.११. एउटा ब्लकको जोडाइ गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| ङ. | मचान (खट) सम्बन्धी काम गर्ने | | | |
| | ङ.१. खट बनाउनका लागि खम्बाहरु ठड्याउन सहायता गर्ने | १ | ३ | ४ |
| | ङ.२. समतल जमीनमा खम्बाहरु फिक्स गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | ङ.३. खम्बाहरु बाँध्ने | | | |
| | ङ.४. फल्याक फिट गर्ने | | | |
| | ङ.५. सेफ्टी पोल फिट गर्ने | | | |
| | ङ.६. खटका पूर्जाहरु निकाल्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| च. | पानी पटाउने काम गर्ने | | | |
| | च.१. गाह्रोमा पानी पटाउने | १ | २ | ३ |
| | च.२. पिलरमा पानी पटाउने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | च.३. स्ल्याबमा पानी पटाउने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | च.४. प्लाष्टरमा पानी पटाउने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | च.५. मसिनो काम (Punning)मा पानी पटाउने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| छ. | फलाम बङ्ग्याउने काम गर्ने | | | |
| | छ.१. जगमा राख्ने जाली तयार गर्न सहायता गर्ने | १ | २ | ३ |
| | छ.२. पिलर तयार गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | छ.३ होचो पर्खाल (Dwarf Share wall) तयार गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | छ.४. बिम तयार गर्न सहायता गर्ने | २ | ३ | ५ |
| | छ.५. आरसीसी स्ल्याब तयार गर्न सहायता गर्ने | १ | ३ | ४ |
| | छ.६. शौचालयको स्लाब तयार गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| | छ.७. भान्साको स्ल्याब तयार गर्न सहायता गर्ने | $^{१}/_{२}$ | २ | २$^{१}/_{२}$ |
| ज. | अन्यसँग संचार गर्ने | | | |
| | ज.१. डकर्मीसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |
| | ज.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.५. सुपरिवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ज.६. आपूर्तिकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | ज.७. आगन्तुक सँग संचार गर्ने | १ | २ | ३ |
| | ज.८. कनिष्ठहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.९. हार्डवेयर पसलसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.१०. टेलिफोन रिसीभ गर्ने | १ | २ | ३ |
| झ. | पेशागत वृत्ति विकास गर्ने | | | |
| | झ.१. डकर्मीसँग परामर्श लिने | १ | २ | ३ |
| | झ.२. अन्य कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |
| | झ.३. सम्बन्धित सामाग्रीहरु अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर इत्यादि) | १ | ३ | ४ |
| | झ.४. तालीम/कार्यक्रम चलाउनका लागि स्थानको खोजी गर्ने | १ | ४ | ५ |
| | झ.५. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | २ | ३ |
| | झ.६. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | झ.७. इन्टरनेट चलाउने | १ | २ | ३ |
| | जम्मा | ४९ | ११५ | १६४ |

**मुख्य कार्य (Duty) नं. १: जग सम्बन्धी काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | जग खन्ने ठाउँको सफाई गर्ने | ▪ सफाइ गर्ने र समतल बनाउने तरिका<br>▪ साधारण हाते औजारहरुको प्रयोग (कोदालो, सावेल, गैती, कुठार (Pick Axe), धुरमुस) सम्बन्धी जानकारी | १/२ | १ | १ १/२ | |
| २. | जगको ले-आउट बनाउन सहायता गर्ने | ▪ ३,४,५ तरिका/विधि<br>▪ मेशन स्क्वायर, घण्टी, स्पिरीट लेभल, दुइ फुट चार फोल्डिङ रुलरको प्रयोग<br>▪ चिनो लगाउने तरिका | १ | २ | ३ | |
| ३. | जग खन्ने | ▪ जगको परिभाषा र उद्देश्य<br>▪ जगको प्रकारहरु (गाह्रो र पिलर मात्र)<br>▪ जगको गहिराइ<br>▪ भिरालो जमिनमा जग खन्ने तरिका<br>▪ जग खन्दाखेरि पानी जम्न गएमा अपनाउनु पर्ने आवश्यक सावधानी | १ | २ | ३ | |
| ४. | धुरमुस चलाउने | ▪ धुरमुस चलाउने तरिका<br>▪ अत्याधिक ओसको मात्रा (Optimum moisture content) | १/२ | १/२ | १ | |
| ५. | जगको तल्लो भाग समतल बनाउन सहायता गर्ने | ▪ जगको समतल भाग नाप्ने<br>▪ स्पिरीट र पाइप लेभलको प्रयोग गर्ने तरिका | १/२ | १ | १ १/२ | |
| ६. | बालुवा भर्ने | ▪ बालुवा भर्ने तरिका र उद्देश्य | १/२ | १ | १ १/२ | |
| ७. | सोलिङ गर्ने | ▪ सोलिङ गर्ने तरिका र उद्देश्य | १/२ | १ | १ १/२ | |
| ८. | पि.सी.सी. (Plain cement concrete) को सतह मिलाउने | ▪ लगाउँदै गरेको पि.सी.सी. मा धुरमुस चलाउनुको आवश्यकता<br>▪ स्पिरीट र पाइप लेभलको प्रयोग गर्ने तरिका | १/२ | २ | २ १/२ | |
| ९. | गाह्रोको ले-आउट बनाउन सहायता गर्ने (कोठा, सिंढी र शौचालयको) | ▪ फिलर वालहरुलाई जगको आवश्यकता | १/२ | २ | २ १/२ | |
| १०. | औजारहरु सफा गर्ने | ▪ सफा गर्ने तरिका र उद्देश्य | १/२ | १/२ | १ | |

**मुख्य कार्य (Duty) नं. २: मसला (सिमेन्ट, बालुवाको) सम्बन्धी काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | बालुवा सफा गर्ने/ धुने | ▪ बालुवामा भएका अन्य मसिना धुलोहरु हटाउने तरिका | १/२ | १/२ | १ | |
| २. | बालुवा चाल्ने | ▪ बालुवाको साइज<br>▪ चाल्ने तरिका<br>▪ राम्रो बालुवाको छनौट | १/२ | १ | १ १/२ | |
| ३. | पि.सी.सी. मिश्रण तयार गर्ने | ▪ पि.सी.सी. का मुख्य तत्वहरु<br>▪ बालुवा र गिट्टीका कामहरु<br>▪ सिमेन्टका प्रकारहरु ( साधारण र ह्वाइट सिमेन्ट मात्र)<br>▪ मिसाउने तरिका<br>▪ लगाउँदै गरेको पि.सी.सी. बिछ्याउने तरिका | १ | १ | २ | |
| ४. | आर.सी.सी. मिश्रण तयार गर्ने | ▪ आर.सी.सी. का मूख्य तत्वहरु<br>▪ बालुवा र गिट्टीका कामहरु<br>▪ तयार गरिएको आरसीसी खन्याउने तथा खाँद्ने तरिका<br>▪ छुट्टिने (Segregation) र हनि कम्बका कारणहरु | १ | १ | २ | |
| ५. | ईंटा/ढुंगाको जोडाइका लागि मसला बनाउने | ▪ मिसाउने तरिका र अनुपात<br>▪ पानीको मात्रा | १/२ | १ | १ १/२ | |
| ६. | मसिनो काम (Punning) का लागि मसला बनाउने | ▪ मिसाउने तरिका र अनुपात<br>▪ मसिनो (Punning) को उद्देश्य | १/२ | १ | १ १/२ | |

**मूख्य कार्य (Duty) नं. ३: नाप (Measurement) सम्बन्धी काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | दिवाल कोण समतलको नाप लिने | ▪ समकोण (Right angle) को जानकारी<br>▪ कोणीय नापको इकाइ | १/२ | १ | १ १/२ | |
| २. | सील (Sill) समतलको नाप लिने | ▪ नापको इकाइ (एफ.पि.एस., एम.के.एस. र एस.आई. प्रणाली) | १/२ | १/२ | १ | |
| ३. | झ्याल/ढोकाको नाप लिने | ▪ लम्बाइ, चौडाइ, अग्लाई र गहिराईको जानकारी | १/२ | १/२ | १ | |
| ४. | दलिन समतलको नाप | ▪ दलिन समतलको परिभाषा | १/२ | १/२ | १ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | लिने | | | | | |
| ५. | टप समतलको नाप लिने | ▪ भवनहरुको टप समतलको परिभाषा | १/२ | १/२ | १ | |
| ६. | क्षेत्रफलको हिसाब गर्ने | ▪ क्षेत्रफलको जानकारी<br>▪ क्षेत्रफलको हिसाबका लागि आवश्यक फर्मुला<br>▪ क्षेत्रफलको इकाइ (वर्ग.मि. अथवा वर्ग.फिट) | १/२ | १ | १ १/२ | |
| ७. | आयतनको हिसाब गर्ने | ▪ आयतनको जानकारी<br>▪ आयतनको हिसाबका लागि आवश्यक फर्मुला<br>▪ आयतनको इकाइ (घन.मि. अथवा घन.फिट) | १/२ | १ | १ १/२ | |

**<u>मुख्य कार्य (Duty) नं. ४</u>: ईंटा/ढुंगा/ब्लकको जोडाइको काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | ईंटा भिजाउने | ▪ ईंटा भिजाउनुको उद्देश्य<br>▪ ईंटाका प्रकारहरु<br>▪ राम्रो ईंटाको विशेषता | १/२ | १ | १ १/२ | |
| २. | दुइवटा ईंटाको जोडाइ गर्ने | ▪ प्रयोग हुने शब्दावली<br>▪ ईंटाको जोडाइमा प्रयोग हुने बण्डहरु (इङ्गलिश र फ्लेमिस बण्ड)<br>▪ ईंटाको जोडाइ मसला लगाउने तरिका<br>▪ प्रत्येक ईंटालाई बराबर पार्ने तरिका | १ | २ | ३ | |
| ३. | डेढ वटा ईंटाको जोडाइ गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १/२ | २ | २ १/२ | |
| ४. | एउटा ईंटाको जोडाइ गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १/२ | २ | २ १/२ | |
| ५. | आधा ईंटाको जोडाइ गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १/२ | २ | २ १/२ | |
| ६. | ढोका फिट गर्न सहायता गर्ने | ▪ पारिभाषिक शब्दावली<br>▪ ढोकाको फ्रेम सोझो पार्ने काम<br>▪ होल्ड फास्ट र यसको काम<br>▪ गाह्रोमा होल्ड फास्ट फिक्स गर्ने तरिका | १/२ | १ | १ १/२ | |
| ७. | झ्याल फिट गर्न सहायता गर्ने | ▪ कार्य नं. ६ हेर्नुहोस् । | १/२ | १ | १ १/२ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ८. | गाह्रो लगाएको ठाउँको सरसफाइ गर्ने | ▪ बढी भएको माटो, मसला, ईंटाहरु हटाउने तरिका | ½ | १ | १½ | |
| ९. | तार ब्रशले ईंटाको सफाइ गर्ने | ▪ ईंटालाई तारले सफा गर्नुको उद्देश्य | ½ | १ | १½ | |
| १०. | जगमा साधारण ढुंगाको जोडाइ गर्ने | ▪ ढुंगाका जोडाइका प्रकारहरु ( सुख्खा र सिमेन्ट बालुवामा हिलो मिसिएको मसला<br>▪ राम्रो ढुंगाको विशेषता<br>▪ मसलाको आवश्यकता | ½ | १ | १½ | |
| ११. | एउटा ब्लकको जोडाइ गर्ने | ▪ राम्रो ब्लकको विशेषता<br>▪ मसला लगाउनुको आवश्यकता | ½ | २ | २½ | |

<u>मुख्य कार्य (Duty) नं. ५</u>: **खट (मचान) सम्बन्धी काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | खट बनाउनका लागि खम्बाहरु ठड्याउन सहायता गर्ने | ▪ खट बनाउनुको उद्देश्य<br>▪ खट बनाउनका लागि खम्बाहरुको प्रकार र विशेषता<br>▪ खम्बाहरु ठड्याउने तरिका ( माटोमा, कडा सतहमा र पानी जम्ने (Water logged) भएको सतहमा)<br>▪ फिक्स गर्ने तरिका (काँटीहरु विभिन्न प्रकारका डोरीहरु र गाँठोहरु) | १ | ३ | ४ | |
| २. | समतल जमीनमा खम्बाहरु फिक्स गर्न सहायता गर्ने | ▪ समतल खम्बाहरुको विशेषता<br>▪ फिक्स गर्ने तरिका (काँटीहरु, विभिन्न प्रकारका डोरीहरु र गाँठोहरु) | ½ | २ | २½ | |
| ३. | खम्बाहरु बाँध्ने | ▪ खम्बाहरु बाँध्नुको उद्देश्य<br>▪ खम्बाहरु बाँध्नुको फाइदा | ½ | २ | २½ | |
| ४. | फल्याक फिट गर्ने | ▪ राम्रो फल्याकको विशेषता<br>▪ फल्याक फिक्स गर्ने तरिका<br>▪ (काँटी, डोरी इत्यादि) | ½ | २ | २½ | |
| ५. | सेफ्टी पोल फिक्स गर्ने | ▪ सेफ्टी पोलको उद्देश्य<br>▪ फिक्स गर्ने तरिका (काँटीहरु, डोरीहरु इत्यादि) | ½ | २ | २½ | |
| ६. | खटका भागहरु निकाल्ने | ▪ पार्टहरु निकाल्ने तरिका | ½ | १ | १½ | |

**मूख्य कार्य (Duty) नं. ६: पानी पटाउने काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | गाह्रोमा पानी पटाउने | ▪ पानी पटाउनुको परिभाषा र उद्देश्य<br>▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १ | २ | ३ | |
| २. | पिलरमा पानी पटाउने | ▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १/२ | २ | २१/२ | |
| ३. | स्ल्याबमा पानी पटाउने | ▪ स्लाबमा पानी पटाउने चरण<br>▪ पानी बार्ने<br>▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १/२ | २ | २१/२ | |
| ४. | प्लाष्टरमा पानी पटाउने | ▪ प्लास्टरमा पानी पटाउने चरण<br>▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १/२ | २ | २१/२ | |
| ५. | मसिनो काम (Punning)मा पानी पटाउने | ▪ मसिनोमा पानी पटाउने चरण<br>▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १/२ | २ | २१/२ | |

**मूख्य कार्य (Duty) नं. ७: फलाम बङ्ग्याउने काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | जगमा राख्ने जाली तयार गर्न सहायता गर्ने | ▪ पानी पटाउनुको परिभाषा र उद्देश्य<br>▪ पानी पटाउने चरणहरु ( जुटबोरा बाँध्ने, तथा सतहमा पानी छर्ने)<br>▪ पानी पटाउनु पर्ने समय | १ | २ | ३ | |
| २. | पिलर तयार गर्न सहायता | ▪ पिलरको मूख्य डण्डीहरु | १/२ | २ | २१/२ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | गर्ने | खडा गर्ने तरिका<br>▪ फिक्स गर्ने रिङ्ग<br>▪ भूकम्प न्युनीकरण गर्न विचार पुऱ्याउनुको आवश्यकता<br>▪ पिलरमाथिको भार (साधारण जानकारीमात्र) | | | | |
| ३. | होचो (सामुहिक) पर्खाल तयार गर्न सहायता गर्ने | ▪ होचो (सामुहिक) पर्खालको महत्व<br>▪ होचो (सामुहिक) पर्खालको काम<br>▪ होचो पर्खाल लगाउने तरिका | १/२ | २ | २१/२ | |
| ४. | बिम तयार गर्न सहायता गर्ने | ▪ साधारण रुपबाट टेवा दिने बिम र क्यान्टिलिवर बिमको परिचय<br>▪ इफेक्टिभ तथा क्लियर स्पान, बिमको गहिराई र कभर (धारणा मात्र)<br>▪ बिममा आउने भारः साधारण र क्यान्टिलिवर बिम (साधारण परिचय मात्र)<br>▪ डण्डीको आवश्यकता<br>▪ टेन्साइल र सियर डण्डी<br>▪ भूकम्पीय आवश्यकता बारे जानकारी । | २ | ३ | ५ | |
| ५. | आर.सी.सी. स्ल्याब तयार गर्न सहायता गर्ने | ▪ स्ल्याबका बारेमा जानकारी (वन-वे र टु-वे)<br>▪ मुख्य तथा सहायक फलामे डण्डीहरु<br>▪ भूकम्पमा विचार पुऱ्याउनुको आवश्यकता | १ | ३ | ४ | |
| ६. | शौचालयको स्लाब तयार गर्न सहायता गर्ने | ▪ कार्य नं. ५ हेर्नुहोस् । | १/२ | २ | २१/२ | |
| ७. | भान्साको स्ल्याब तयार गर्न सहायता गर्ने | ▪ कार्य नं. ५ हेर्नुहोस् । | १/२ | २ | २१/२ | |

**मुख्य कार्य (Duty) नं. ८: अन्यसँग संचार गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | डकर्मीसँग संचार गर्ने | ▪ संचारको अर्थ र महत्व<br>▪ संचारका प्रकारहरु (मौखिक, | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक संचारको प्रविधि<br>▪ सहयोगात्मक कामका लागि संवाद<br>▪ सुचना आदान प्रदान<br>▪ वरिष्ठ पदाधिकारीहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयुक्त भाषाको प्रयोग (तल्ला तथा उच्च तहका कर्मचारीहरुसँग) | | | | |
| २. | ग्राहकसँग संचार गर्ने | ▪ ग्राहकहरुको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदातासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ▪ दिइएको कामबारे सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| ५. | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुहोस् । | १ | २ | ३ | |
| ६. | आपूर्तिकर्तासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ७. | आगन्तुक सँग संचार गर्ने | ● कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ८. | कनिष्ठसँग संचार गर्ने | ● कार्य नं. ४ हेर्नुहोस् । | १ | २ | ३ | |
| ९. | हार्डवेयर पसलसँग संचार गर्ने | ● माग र पूर्तिको अर्डर<br>● बिल/भर्पाइ<br>● सामानहरुको आपूर्ति र डेलिभरी | १ | २ | ३ | |
| १०. | टेलिफोन रिसीभ गर्ने | ● टेलिफोनको अर्थ र महत्व<br>● टेलिफोन रिसीभ गर्ने प्रविधी<br>● टेलिफोन रीसिभ गर्ने तरिका<br>● समाचार लेख्ने प्रविधी | १ | २ | ३ | |

**मुख्य कार्य (Duty) नं. ७: पेशागत वृत्ति विकास गर्ने**

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | डकर्मीसँग परामर्श लिने | ▪ डकर्मीसँग पेशाको खोजी सम्बन्धी गरिने क्रियाकलापको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको | ▪ अन्य कार्यशालाहरुको भ्रमण | १ | ३ | ४ | |

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | भ्रमण गर्ने | गर्नुको फाइदा | | | | |
| ३. | सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर) | ▪ पेशासँग सम्बन्धित कागजपत्र, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | १ | ३ | ४ | |
| ४. | तालीम/सेमिनार कार्यशालाहरुमा उपस्थित हुने | ▪ व्यावसायिक बन्नुपर्ने आवश्यकता<br>▪ पेशागत रुपबाट संस्थाबाहिर अगाडि बढ्ने मौकाको महत्व | १ | ४ | ५ | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी. च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुको परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधी | १ | २ | ३ | |
| ७. | तालीमका लागि कार्यक्रम/ स्थान आदिको खोजी गर्ने | ▪ बढुवाका लागि तालीमको महत्व<br>▪ पूर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | १ | २ | ३ | |